# आपत्कालीन कार्यसञ्चालन केन्द्र

# सञ्चालन कार्यविधि, २०८२

नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

# आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावनाः** विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्वजानकारी गराउन, तत्काल सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न र खोज, उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले यो आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यकारी समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आपत्कालीन कार्यसञ्चालन केन्द्र" भन्नाले विपद् प्रतिकार्यको पूर्वतयारी गर्न, विपद् प्रतिकार्यको कार्यसञ्चालन, समन्वय र व्यवस्थापन गर्न, विपद्सम्बन्धी अभिलेख तथा सूचना प्रणालीको व्यवस्थापन गर्नका लागि स्थापना गरिएका राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८२ सम्झनु पर्छ।

(घ) "कार्यकारी समिति" भन्नाले ऐनको दफा (६) बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ।

(ङ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १६ बमोजिमको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) "जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र" भन्नाले प्रत्येक जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सञ्चालनमा रहेको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ।

प्रमाणित प्रतिलिपि

(छ) "नियमावली" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ सम्झनु पर्छ।

(ज) "पूर्वसूचना" भन्नाले सम्भावित हानी नोक्सानी कम गर्न विपद्को जोखिममा रहेका व्यक्ति, समुदाय एवं विपद् व्यवस्थापनमा कार्यरत निकाय र संघ संस्थालाई सजग रहन, साथै समयमा नै उपयुक्त बचावटका कार्य गर्न दिइएको सुझाव सहितको सूचना वा चेतावनी सम्झनु पर्छ।

(झ) "प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र" भन्नाले प्रदेश सरकारले सञ्चालन गरेको प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ ।

(ञ) "प्रदेश ऐन" भन्नाले सम्बन्धित प्रदेश सरकारले लागू गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी ऐन सम्झनु पर्छ।

(ट) "प्रदेश सरकार" भन्नाले सम्बन्धित प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ठ) "प्राधिकरण" भन्नाले ऐनको दफा १० बमोजिमको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सम्झनु पर्छ।

(ड) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्लाई सम्झनु पर्छ।

(ढ) "केन्द्र प्रमुख" भन्नाले आपत्कालीन कार्यसञ्चालन केन्द्रका प्रमुख सम्झनु पर्दछ।

(ण) "कार्यकारी प्रमुख" भन्नाले ऐनको दफा १२ बमोजिम नियुक्त हुने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख सम्झनु पर्छ।

(त) "महाशाखा" भन्नाले प्राधिकरणको विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्य हेर्ने महाशाखा सम्झनु पर्छ।

(थ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालयलाई सम्झनु पर्छ।

(द) "राहत" भन्नाले ऐनको दफा ३९ को प्रावधान र विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम प्रदान गरिने नगद तथा वस्तुगत सहायता र मानवीय सहायता समेत सम्झनु पर्छ।

(ध) "राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र" भन्नाले ऐनको दफा ११ को उपदफा १(थ) बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सञ्चालन तथा व्यवस्थापन गरेको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ।

(न) "विपद् प्रतिकार्य नियन्त्रक" भन्नाले ऐनको दफा १२ को उपदफा (७) बमोजिम प्राधिकरणका कार्यकारी प्रमुखलाई सम्झनु पर्छ ।

प्रमाणित प्रतिलिपि

(न) "संघीय निकाय" भन्नाले संघीय मन्त्रालय, आयोग, सचिवालय, प्राधिकरण, सुरक्षा निकाय, विभाग र अन्तर्गतका निकाय समेत सम्झनु पर्छ।

(प) "स्थानीय ऐन" भन्नाले सम्बन्धित स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन सम्झनु पर्छ।

(फ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ब) "स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र" भन्नाले स्थानीय तहले सञ्चालन गरेको आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ।

(भ) "स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेको स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ। यो शब्दले प्रदेशमा प्रदेश सरकारबाट सञ्चालित "प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र" समेत सम्झनु पर्छ।

## परिच्छेद—२

## उद्देश्य र कार्यक्षेत्र

**३. कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ।

(क) आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुको कार्यक्षेत्र र सञ्चालन प्रक्रिया निर्दिष्ट गर्नु।

(ख) विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्वजानकारी गराउन सूचना प्रवाहको विधि तय गर्नु।

(ग) विपद् सम्बन्धी सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न उपयुक्त प्रकृया, ढाँचा र संयन्त्र निर्धारण गर्नु।

(घ) खोज,उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालनको संयन्त्र र विधि तय गर्नु।

(ङ) आपत्कालीन कार्यसञ्चालन केन्द्रहरु र सरोकारवाला निकायहरुबीच समन्वय गर्ने संयन्त्र निर्धारण गर्नु,

**४. आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यक्षेत्र:** आपत्कालीन कार्य सञ्चालन केन्द्रको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ।

(क) विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना तर्जुमा गर्ने, गराउने।

(ख) विपद् जोखिम नक्साङ्कनको अद्यावधिक अभिलेख राख्ने।

प्रमाणित प्रतिलिपि

(ग) विपद् जोखिम सम्बद्ध पूर्वसूचना वा पूर्वचेतावनी प्राप्ति, विपद् जोखिम विश्लेषण र आवश्यकता अनुसार पूर्वसूचना वा पूर्वचेतावनी जारी गर्ने।

(घ) विपद् सम्बन्धी सूचना तथा सञ्चार प्रणाली प्रयोग गरी विवरण तत्काल अद्यावधिक गर्ने, गराउने।

(ङ) विपद् सम्बन्धी तथ्याङ्कको एकीकृत तथा खण्डीकृत अभिलेख राख्ने।

(च) खोज, उद्धार तथा राहत सामाग्रीको व्यवस्थापनका लागि आपत्कालीन गोदामघरको सञ्चालन र परिचालनको प्रबन्ध गर्ने, गराउने। आपत्कालीन बन्दोबस्तीको पूर्वतैनाथी, भण्डारण र तत्काल परिचालन हुनेगरी व्यवस्थापन गर्ने, गराउने।

(छ) खोज तथा उद्धारकर्मीको लगत अद्यावधिक राख्ने र तत्काल परिचालन हुनसक्ने गरी प्रबन्ध गर्ने, गराउने।

(ज) स्वयंसेवकको लगत राख्ने र विपद् प्रतिकार्यको समयमा स्वयंसेवक परिचालन गर्ने, गराउने। विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विषयगत क्षेत्रसँग समन्वय गर्ने।

(झ) प्राधिकरणले तोकेका अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद—३

## राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र

**५. राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालनः** प्राधिकरणले ऐनको दफा ११ को उपदफा १(थ) बमोजिम राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

**६. राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको संगठन संरचनाः** राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको संगठन संरचना, दरबन्दी र कार्यविवरण प्राधिकरणको स्वीकृत संगठन तथा व्यवस्थापन ढाँचा बमोजिम हुनेछ।

**७. राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्य सञ्चालनः** कार्यसञ्चालन केन्द्र २४सै घण्टा सञ्चालनमा रहने छ।

**(१) सामान्य अवस्थामा केन्द्रको कार्यसञ्चालनः**

(१.१) सामान्य अवस्थामा केन्द्रको दैनिक कार्य सञ्चालन देहाय बमोजिम हुनेछ :

(क) विपद्को सूचना प्राप्त हुनासाथ डयुटी अधिकृतले **अनुसूची १** बमोजिम लग बुकमा सूचना दर्ता गर्ने।

(ख) डिउटी अधिकृतबाट पछिल्लो २४ घण्टामा घटेका विपद्का घटना सम्बन्धमा वस्तुस्थिति केन्द्र प्रमुख समक्ष दैनिक प्रतिवेदन गर्ने।

प्रमाणित प्रतिलिपि

(ग) प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुबाट पछिल्लो २४सै घण्टाको दैनिक वस्तुस्थिति प्रतिवेदन प्राप्त गर्ने।

(घ) पछिल्लो २४ घण्टाको दैनिक वस्तुस्थिति प्रतिवेदन तयार गरी कार्यकारी प्रमुख र मन्त्रालय समक्ष पेश गर्ने।

(ङ) रेडियो अपरेटरले विपद् प्रतिकार्यमा सञ्चार उपकरण प्रयोग हुँदाको अवस्था बाहेक दैनिक रुपमा प्रदेश र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुसँग रेडियो सञ्चार गरी रेडियो सञ्चार तयारी अवस्थामा राख्ने।

(१.२) केन्द्रले विपद्पूर्व तयारीको लागि देहायका जिम्मेवारी वहन गर्नेछ;

(क) विपद् जोखिम नक्साङ्कनको अभिलेख अद्यावधिक गर्ने।

(ख) प्रत्येक वर्ष विपद् जोखिमको अवस्थालाई समेटी राष्ट्रिय विपद् प्रोफाइल तयार गर्ने।

(ग) विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना तर्जुमा गर्ने।

(घ) राष्ट्रिय आपत्कालीन गोदामघरमा रहेका विपद् प्रतिकार्य सामग्रीहरुको विद्युतीय अभिलेख तथा प्राप्त राहत सामग्रीहरुको व्यवस्थापन आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि बमोजिम गर्ने।

(ङ) राष्ट्रिय, प्रदेश र स्थानीय आपत्कालीन गोदामघरहरुको निरीक्षण तथा प्रतिवेदन सम्बन्धमा आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि बमोजिमको निर्देशक समितिको निर्देशानुसार कार्य गर्ने।

(च) विपद् सम्बन्धी सूचनाको संकलन, अध्ययन, विश्लेषण र सम्प्रेषणका लागि विपद् सम्बन्धी सूचना तथा सञ्चार प्रणाली सञ्चालन गर्ने।

(छ) अत्यावश्यक सेवा सुचारु गर्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने।

(ज) विपद् सम्बन्धमा सर्वासाधारणमा जनचेतना अभिवृद्धि गर्न जनचेतनामूलक सामग्रीहरु सञ्चार माध्यमबाट प्रसारण गर्ने व्यवस्था मिलाउने।

(झ) पूर्वसूचना प्रणालीलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सम्बद्ध निकायहरुसँग समन्वय गर्ने।

**(२) आपत्कालीन अवस्थामा केन्द्रको कार्यसञ्चालनः** (२.१) विपद् जोखिमको सम्भावना वा विपद्को सूचना प्राप्त हुनासाथ ड्युटी अधिकृतले तत्काल केन्द्रप्रमुख समक्ष जानकारी गराउनु पर्नेछ।

(२.२) सम्भावित विपद् जोखिम वा विपद्को जानकारी प्राप्त हुनासाथ केन्द्र प्रमुखले निम्न बमोजिमको कार्य तत्काल गर्नु पर्नेछ ;

(क) विपद्जन्य अवस्थाको द्रुत लेखाजोखा र विश्लेषण गरी विपद् प्रतिकार्य नियन्त्रकलाई तत्काल सूचना सम्प्रेषण गर्ने।

प्रमाणित प्रतिलिपि

(ख) विपद्को प्रकृति र मात्रा अनुसार केन्द्रलाई पूर्ण क्रियाशील गराउने।

(ग) सरोकारवाला निकायलाई सूचना दिने र सहकार्यका लागि समन्वय गर्ने।

(घ) विपद्को समयमा खोज तथा उद्धारको लागि सुरक्षा निकाय, स्वयंसेवक तथा फ्लाईङ स्क्वाड तत्काल परिचालन गर्न समन्वय गर्ने।

(ङ) आपत्कालीन प्रतिकार्यका लागि गर्नुपर्ने प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्रहरु परिचालन गर्ने।

(च) विपद् प्रतिकार्यको लागि तत्काल गर्नुपर्ने कार्यहरु सहितको कार्ययोजना **अनुसूची २** बमोजिम तयार गर्ने।

(छ) केन्द्रीय विपद् प्रतिकार्य कमाण्ड पोष्टको संयोजकको निर्देशनमा वैठक तत्काल आव्हान गर्ने।

(ज) विपद् प्रतिकार्यमा संलग्न हुने निकाय तथा पदाधिकारीहरु संग निरन्तर सम्पर्क तथा समन्वय गर्ने।

(झ) प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसंग आवश्यकता अनुसार समन्वय गर्ने।

(ञ) अत्यावश्यक सेवा सुचारु गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने।

(ट) तत्काल राहत तथा वन्दोवस्तीका सामाग्रीहरु यथाशिघ्र उपलव्ध गराउन समन्वय गर्ने।

(ठ) विपद्का सूचना तथा जानकारी सञ्चार माध्यममार्फत जनस्तरमा प्रवाह गर्ने।

(ड) विपद् सम्बन्धी घटनाको विवरण निरन्तर अद्यावधिक गरी प्रतिवेदन गर्ने।

(३) **विपद् पश्चात् गर्नुपर्ने कार्यहरुः** राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले विपद् पश्चात् खोज तथा उद्दार र राहत व्यवस्थापन समाप्तिसँगै निम्न भूमिका निर्वाह गर्नेछ।

(क) अभिलेख अद्यावधिक गर्ने।

(ख) विपद्को प्रवृत्ति विश्लेषण गर्ने।

**८. प्रतिवेदनः** (१) विपद् घट्ना सम्बन्धमा राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रले तयार पार्ने अवस्था प्रतिवेदनमा देहाय बमोजिमका विषयवस्तु समेटिएको हुनुपर्नेछ।

(क) विपद् घट्ना स्थान, विपद्को प्रकृति र प्रभावित भुगोल र जनसंख्या।

(ख) विपद्वाट भएको क्षतिको विवरण (मानवीय, सामाजिक, आर्थिक, भौतिक, वातावरणीय आदि)

(ग) सम्पादित मुख्य-मुख्य कार्यहरु।

(घ) स्रोत साधनको परिचालन (मानवीय, भौतिक, वित्तिय आदि) ।

(२) वस्तुस्थिति प्रतिवेदनको ढाँचा **अनुसूची ३** बमोजिम हुनेछ।

प्रमाणित प्रतिलिपि



विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

(३) राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रले तयार गर्ने दैनिक बुलेटिन/दैनिक प्रतिवेदनको ढाँचा **अनुसूची ४** बमोजिम हुनेछ।

**९. विपद् प्रतिकार्यका लागि अन्तरनिकाय समन्वयः** विपद् प्रतिकार्यका लागि राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले विभिन्न निकायबीच अन्तरतह सहकार्य, समन्वय र सञ्चार गर्नेछ।

**१०.विपद् सम्बन्धी घटनाको सूचना आदान प्रदानः** विपद् पूर्वको घट्ना तथा विपद्को समयमा केन्द्र र विभिन्न निकाय बीच हुने सूचना तथा संचार प्रवाहको माध्यम **अनूसुची ५** मा उल्लेख भए बमोजिम हुनेछ।

**११.कार्य समय निर्धारणः** विपद्को समयमा केन्द्रको जिम्मेवारीमा खटिने कर्मचारीको नामावली र कार्यसमय **अनुसूची ६** को ढाँचामा तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

## परिच्छेद–४

## प्रदेश र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र

**१२.प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रः** (१) प्रदेश सरकारले आफ्नो कार्यक्षेत्रमा प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन र व्यवस्थापन गर्नेछ।

(२) प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रले विपद् व्यवस्थापनका लागि राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र र स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग निरन्तर सम्पर्क र समन्वय गर्नुपर्नेछ।

(३) प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य विषय सम्बन्धित प्रदेश कानून बमोजिम हुनेछ।

**१३.स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रः** (१) स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

(२) स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले विपद् व्यवस्थापनका लागि राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र र स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग निरन्तर सम्पर्क र समन्वय गर्नुपर्नेछ।

(३) स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य विषय सम्बन्धित स्थानीय कानून बमोजिम हुनेछ।

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

## परिच्छेद—५

## जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र

**१४. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रः** जिल्ला विपद् व्यवस्थापन समितिले जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नेछ।

**१५. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको संगठन संरचना, दरबन्दी र कार्यविवरणः** जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको संगठन संरचना, दरबन्दी र कार्यविवरण **अनुसूची ७** मा उल्लेख भए बमोजिम हुनेछ।

**१६. जिल्ला आपत्कालीन कार्यसञ्चालनः** कार्यसञ्चालन केन्द्र २४सै घण्टा सञ्चालनमा रहनेछ।

**(१) सामान्य अवस्थामा केन्द्रको कार्यसञ्चालनः** (१.१) सामान्य अवस्थामा केन्द्रको दैनिक कार्य सञ्चालन देहाय बमोजिम हुनेछ:

(क) विपद्को सूचना प्राप्त हुनासाथ ड्युटी अधिकृतले **अनुसूची १** बमोजिम लग बुकमा सूचना दर्ता गर्ने।

(ख) डिउटी अधिकृतबाट पछिल्लो २४ घण्टामा घटेका विपद्का घटना सम्बन्धमा वस्तुस्थिति केन्द्र प्रमुख समक्ष दैनिक प्रतिवेदन गर्ने।

(ग) स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र र अन्य निकायबाट पछिल्लो २४सै घण्टाको दैनिक वस्तुस्थिति प्रतिवेदन प्राप्त गर्ने।

(घ) पछिल्लो २४ घण्टाको दैनिक वस्तुस्थिति प्रतिवेदन तयार गरी प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा पेश गर्ने।

(ङ) रेडियो अपरेटरले विपद् प्रतिकार्यमा सञ्चार उपकरण प्रयोग हुँदाको अवस्था बाहेक दैनिक रुपमा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुसँग रेडियो सञ्चार वा अन्य माध्यम प्रयोग गरी सञ्चार समन्वय स्थापित गर्ने।

(१.२) केन्द्रले विपद् पूर्वतयारीको लागि देहायका जिम्मेवारी वहन गर्नेछ;

(क) जिल्लाको विपद् जोखिम नक्साङ्कनको अभिलेख अद्यावधिक गर्ने।

(ख) प्रत्येक वर्ष विपद् जोखिमको अवस्थालाई समेटी जिल्ला विपद् प्रोफाइल तयार गर्ने।

(ग) जिल्लामा विपद्को क्षेत्रमा क्रियाशील राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, विषयगतक्षेत्र, निजी तथा सामुदायिक संघसंस्था र स्वयंसेवकको लगत राख्ने र समन्वय गर्ने ।

(घ) विपद् प्रतिकार्यका लागि पूर्वतयारी योजना तर्जुमा गर्ने।

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

(ङ) जिल्ला आपत्कालीन गोदामघरमा रहेका विपद् प्रतिकार्य सामग्रीहरुको विद्युतीय अभिलेख र प्राप्त राहत सामग्रीहरुको व्यवस्थापन आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि बमोजिम गर्ने।

(च) सुरक्षा निकायहरुसँग रहेको खोज तथा उद्धारका लागि प्रयोग हुने उपकरणको स्रोत नक्साङ्कन गर्ने।

(छ) जिल्ला र स्थानीय आपत्कालीन गोदामघरहरुको आवधिक निरीक्षण गरी प्रदेश र राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रलाई प्रतिवेदन बुझाउने।

(ज) जिल्लाभरका विपद् सम्बन्धी सूचना संकलन गरी राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले सञ्चालन गरेको सूचना प्रविधि प्रणालीमा प्रविष्ट तथा अद्यावधिक गर्ने।

(झ) अत्यावश्यक सेवा सुचारु गर्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने।

(ञ) विपद् सम्बन्धमा सर्वसाधारणमा जनचेतना अभिवृद्धि गर्न जनचेतनामूलक सामग्रीहरु प्रसारण गर्ने व्यवस्था मिलाउने।

(ट) जिल्लास्तरमा वर्षको कम्तिमा एक पटक सुरक्षा निकाय, विषयगतक्षेत्र र अन्य सरोकारवाला निकाय समावेश गरी विपद् प्रतिकार्य सम्बन्धी अभ्यास सञ्चालन गर्ने।

(ठ) जिल्लामा पूर्वसूचना प्रणालीलाई व्यवस्थित तथा प्रभावकारी बनाउने र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुलाई पूर्वसूचना र पूर्वचेतावनीको सूचना प्रवाह गर्ने।

(२) **आपत्कालीन अवस्थामा केन्द्रको कार्यसञ्चालनः** (२.१) विपद् जोखिमको सम्भावना वा विपद्को सूचना प्राप्त हुनासाथ ड्युटी अधिकृतले तत्काल केन्द्रप्रमुख समक्ष जानकारी गराउनु पर्नेछ।

(२.२) सम्भावित विपद् जोखिम वा विपद्को जानकारी प्राप्त हुनासाथ केन्द्र प्रमुखले निम्न बमोजिमको कार्य तत्काल गर्नु पर्नेछ;

(क) विपद्जन्य अवस्थाको द्रुत लेखाजोखा गरी प्रमुख जिल्ला अधिकारीलाई तत्काल सूचना सम्प्रेषण गर्ने।

(ख) सरोकारवाला निकायलाई सूचना दिने र सहकार्यका लागि समन्वय गर्ने।

(ग) विपद्को प्रकृति र मात्रा अनुसार केन्द्रलाई पूर्ण क्रियाशील गराउने।

(घ) विपद्को समयमा खोज तथा उद्धारको लागि सुरक्षा निकाय, स्वयंसेवक लगायतका संस्थागत संयन्त्रहरु तत्काल परिचालन गर्न समन्वय गर्ने।

(ङ) विपद् प्रतिकार्यको लागि तत्काल गर्नुपर्ने कार्यहरु सहितको कार्ययोजना अनुसूची २ बमोजिम तयार गर्ने।

(च) प्रमुख जिल्ला अधिकारीको निर्देशनमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक तत्काल आव्हान गर्ने।

प्रमाणित प्रतिलिपि

(छ) विपद् प्रतिकार्यमा संलग्न हुने निकायसंग निरन्तर सम्पर्क तथा समन्वय गर्ने।

(ज) अन्तर-जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसंग आवश्यकता अनुसार समन्वय गर्ने।

(झ) स्थानीय विपद्को अवस्थामा आवश्यकता अनुसार स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई सहयोग पुऱ्याउने।

(ञ) अत्यावश्यक सेवा सुचारु गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने।

(ट) तत्काल राहत तथा वन्दोवस्तीका सामाग्रीहरु यथाशिघ्र उपलव्ध गराउन समन्वय गर्ने।

(ठ) विपद्का सूचना तथा जानकारी सञ्चार माध्यममार्फत जनस्तरमा प्रवाह गर्ने।

(ड) जिल्लामा क्रियाशील राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, विषयगतक्षेत्र, निजी तथा सामुदायिक संघसस्थासँग सम्पर्क र समन्वय गर्ने।

(ढ) सर्वसाधारणको सूचनाको हक सुनिश्चित गर्न आवश्यकता हेरी सूचना संप्रेषण (Media Brief) गर्ने।

(ण) विपद् अवस्थाको विस्तृत विवरण अद्यावधिक, लेखाजोखा र विश्लेषण गरी प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने।

(त) विपद् सम्बन्धी घटनाको विवरण निरन्तर अद्यावधिक गरी प्रदेश र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र समक्ष प्रतिवेदन गर्ने।

**(३) विपद् पश्चात् गर्नुपर्ने कार्यहरुः** जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रले विपद् पश्चात् खोज तथा उद्दार र राहत व्यवस्थापन समासिसँगै निम्न भूमिका निर्वाह गर्नेछ।

(क) अभिलेख अद्यावधिक गर्ने।

(ख) प्रदेश र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक विवरण बारे प्रतिवेदन गर्ने।

**(४) प्रतिवेदनः** (१) विपद् घट्ना सम्बन्धमा जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रले देहाय बमोजिमका विषयवस्तु समेटिएको वस्तुस्थिति प्रतिवेदन **अनुसूची** ३ बमोजिम तयार गर्नुपर्नेछ।

(क) विपद् घट्ना स्थान, विपद्को प्रकृति र प्रभावित भुगोल र जनसंख्या ।

(ख) विपद्बाट भएको क्षतिको विवरण (मानवीय, सामाजिक, आर्थिक, भौतिक, वातावरणीय आदि) ।

(ग) सम्पादित मुख्य-मुख्य कार्यहरु।

(घ) स्रोत साधनको परिचालन (मानवीय, भौतिक, वित्तिय आदि) ।

(२) जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रले तयार गर्ने दैनिक बुलेटिन/दैनिक प्रतिवेदनको ढाँचा **अनुसूची** ४ बमोजिम हुनेछ।

प्रमाणित प्रतिलिपि

## परिच्छेद—६

## विविध

**१७. नमूना कार्यविधिः** प्रदेश र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले आ-आफ्नो आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि तर्जुमा गर्न यो कार्यविधि नमूना कार्यविधिका रूपमा रहनेछ।

**१८. खारेजी र बचाउः** (१) राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि, २०७२ खारेज गरिएको छ।

(२) राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि, २०७२ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**१९. संशोधन तथा परिमार्जनः** (१) यो कार्यविधि कार्यकारी समितिले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(२) यो कार्यविधिको अनुसूचीमा तत्काल केही हेरफेर गर्नुपर्ने अवस्था भएमा प्राधिकरणले गृह मन्त्रालयसँग समन्वय गरी आवश्यक हेरफेर गर्नसक्नेछ।

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

## अनुसूची-१

(दफा ७ को उपदफा (१) को बुँदा नं. १.१ को (क) र दफा १६ को १.१ को (क) सँग सम्बन्धित)

### आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सूचना पास गरी प्रविष्ट गर्ने ढाँचा

| | |
|---|---|
| विवरण | |
| रेडियो अपरेटरको नाम | |
| सूचना नम्बर | |
| घटना | |
| समय | |
| मिति | |
| अवस्था | |
| घटनाको विवरण | |
| घटना स्थल | |
| प्रभाव | |
| भविष्यवाणी | |
| योजना | |
| प्रतिकार्य आवश्यकता | |
| स्रोतको आवश्यकता | |
| बन्दोबस्ती | |
| सामग्री/यन्त्र | |
| यातायात | |
| सञ्चार सामग्री | |
| सञ्चारका माध्यम | |

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

## अनुसूची-२

(दफा ७ को (२) को (२.२) को (च) र दफा १६ को उपदफा (२) को २.२ को (ङ) सँग सम्बन्धित)

### आपत्कालीन कार्यसञ्चालन केन्द्रको विपद् प्रतिकार्यको तत्काल कार्ययोजनाको ढाँचा

मितिः

समयः

| | |
|---|---|
| घटनाको नाम | |
| विद्यमान अवस्था | – घटनाको विवरण<br>– स्थान<br>– प्रभाव विश्लेषण<br>– भविष्यको पूर्वानुमान |
| तत्कालीन उद्देश्य | – उद्देश्य के हो<br>– प्रतिकार्यको आवश्यकता के छ<br>– कुन-कुन र कस्तो स्रोत तथा साधन परिचालन गर्ने<br>– समुदायलाई कसरी सहभागी गराउने<br>– दैनिक जीवनलाई सामान्य बनाएर कसरी निरन्तरता दिने |
| लिइएको रणनीति | – उद्देश्य कसरी प्राप्त गर्न सकिन्छ<br>– कार्ययोजना<br>– कार्यविभाजन<br>– स्रोत परिचालनको विवरण |
| वैकल्पिक रणनीति | – वैकल्पिक रणनीति के हुनसक्छ |
| व्यवस्थापन | – कस्तो व्यवस्थापकीय संरचना विद्यमान छ |
| स्रोतको पहिचान | – स्रोत कहाँ परिचालन भएको छ |
| घटनास्थलको नक्सा | – प्रभावित क्षेत्रको विश्लेषण |
| सञ्चार योजना | – सूचनाको प्राप्ति र विवरण कसरी, कसले र कहिले भर्ने |
| बैठक र काम परिवर्तनको समय | |
| बन्दोवस्तीको व्यवस्था | |

**द्रष्टव्यः** यो विपद् कार्ययोजनाको सामान्य खाका हो। यसलाई उल्लेखित विवरणका अतिरिक्त अन्य विवरणहरू थप गरी सम्बन्धित निकायले विस्तृत रूपमा तयार गरी राख्न सक्नेछ।

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

## अनुसूची-३

(दफा ८ को (२) र दफा १६ को (४) सँग सम्बन्धित)

**आपत्कालीन कार्यसञ्चालन केन्द्रले तयार गर्नुपर्ने वस्तुस्थिति प्रतिवेदनको ढाँचा**

घटनाको नाम:

वस्तुस्थिति प्रतिवेदन नम्बर:

तयारी मिति:

समय:

| **अवस्थाको सारांश** |
|---|
| • घटनाको विवरण:<br>○ स्थान :<br>○ समय :<br>○ मृतक संख्या :<br>○ घाइते :<br>○ बेपत्ता :<br>○ विस्थापित :<br>○ अन्य :<br><br>• खोज, उद्धार, राहत वितरण तथा परिचालन भएको निकाय तथा स्रोतको विवरण:<br>• खोज तथा उद्धार:<br>• अस्थायी आश्रयस्थलको विवरण:<br>• राहत वितरण:<br>• परिचालन भएको निकाय तथा श्रोत: |
| **अघिल्लो प्रतिवेदनपछिको प्रमुख कार्य** |
| • अघिल्लो प्रतिवेदनभन्दा पछिको परिवर्तन:<br>• विद्यमान चुनौती:<br>• सेवामा परेको प्रभाव: |
| **सम्बोधन गर्नुपर्ने प्रमुख विषय** |

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

| |
|---|
| – तत्काल गर्नुपर्ने कार्य:<br>– आवश्यक मुख्य स्रोत:<br>– निकायसँगको सम्पर्क:<br>– समुदायको हितमा गर्नुपर्ने कार्य: |
| **सञ्चार व्यवस्थापन र सार्वजनिक सूचना** |
| – प्रेस विज्ञप्ति:<br>– केन्द्रको सूचना अधिकारी: |
| आगामी वस्तुस्थिति प्रतिवेदन हुने मिति: |
| प्रतिवेदन तयार गर्ने: |

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

## अनुसूची-४

(दफा ८ को उपदफा (३) र दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

### दैनिक विपद् बुलेटिन/दैनिक प्रतिवेदनको ढाँचा

| क.सं. | घटना मिति | जिल्ला/स्थान | घटना/विवरण | मृत्यु | वेपत्ता | घाइते | घर क्षति | | अन्य क्षति | घटनाको संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पूर्ण | आंशिक | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

## अनुसूची-५
(दफा १० सँग सम्बन्धित)

### सूचना र सञ्चार प्रवाहको माध्यम ढाँचा

| केन्द्रलाई सूचना दिने निकाय | सूचनाको प्रकार | सञ्चारको प्राथमिक माध्यम | सञ्चारको विद्युतीय माध्यम |
|---|---|---|---|
| नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपाल/नेपाली सेना/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | विपद्जन्य सवारी तथा औद्योगिक दुर्घटना | रेडियो सेट | टेलिफोन, इमेल, वाट्सएप, भाइबर |
| जल तथा मौसम विज्ञान विभाग/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | मौसमको पूर्वानुमान, नदीको अनुगमन, बाढीको पूर्वचेतावनी, सुख्खा, तातो हावा/शितलहरको विवरण, हिमताल विष्फोट तथा त्यसबाट उत्पन्न बाढी तथा पहिरो | रेडियो सेट, एस.एम.एस., वेबसाइट | टेलिफोन, इमेल, वाट्सएप, भाइबर |
| खानी तथा भू-गर्भ विभाग/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | पहिरो | रेडियो सेट, टेलिफोन | इमेल, वाट्सएप, भाइबर |
| राष्ट्रिय भूकम्प मापन केन्द्र/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | भूकम्प | रेडियो सेट, टेलिफोन | इमेल, वाट्सएप, भाइबर |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलजी तथा रोग नियन्त्रण महाशाखा/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | महामारी | रेडियो सेट, टेलिफोन | इमेल, वाट्सएप, भाइबर |



प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

| केन्द्रलाई सूचना दिने निकाय | सूचनाको प्रकार | सञ्चारको प्राथमिक माध्यम | सञ्चारको विद्युतीय माध्यम |
|---|---|---|---|
| कृषि विकास मन्त्रालय, पशु सेवा विभाग/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | बर्डफ्लु र अन्य पशुजन्य महामारी | रेडियो सेट, टेलिफोन | इमेल, वाट्सएप, भाइबर |
| कृषि विकास मन्त्रालय, कृषि विभाग/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | सुख्खा/खडेरी | रेडियो सेट, टेलिफोन | इमेल, वाट्सएप, भाइबर |
| नेपाल नागरिक उड्डयन प्राधिकरण/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | हवाई दुर्घटना | रेडियो सेट, टेलिफोन | इमेल, वाट्सएप, भाइबर |
| स्थानीय तह वारुण यन्त्र कार्यालय/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | आगलागी | रेडियो सेट, टेलिफोन | इमेल, वाट्सएप, भाइबर |
| वन तथा वातावरण मन्त्रालय, वन विभाग/प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | डडेलो | रेडियो सेट, टेलिफोन | इमेल, वाट्सएप, भाइबर |

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

अनुसूची-६

(दफा ११ सँग सम्बन्धित)

आपत्कालीन कार्यसञ्चालन केन्द्रका कर्मचारीको विवरण तथा कार्यसमय वा तालिकाको ढाँचा

| पद | पहिलो कार्यसमय<br>०५:४५-१४:०० | दोश्रो कार्यसमय<br>१३:४५-२०:०० | तेश्रो कार्यसमय<br>१९:४५-०६:०० |
|---|---|---|---|
| केन्द्र प्रमुख | नाम | नाम | नाम |
| शाखा प्रमुख | - | - | - |
| शाखा प्रमुख | - | - | - |
| शाखा प्रमुख | - | - | - |
| ड्युटी अधिकृत | - | - | - |
| रेडियो अपरेटर | - | - | - |


प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

## अनुसूची-७
### (दफा १५ सँग सम्बन्धित)

## जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको संगठन संरचना, दरबन्दी र कार्यविवरण

**संगठन संरचना**




**जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको जनशक्ति विवरण**

- केन्द्र प्रमुख/कार्यसञ्चालन-१
- सूचना तथा सञ्चार-१
- रेडियो अपरेटर -३

क) जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको लागि आवश्यक रेडियो अपरेटर बाहेकका जनशक्तिको व्यवस्थापन जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरबन्दीमध्येबाट गर्नुपर्नेछ। स्वीकृत दरबन्दीबाट जनशक्ति व्यवस्थापन नहुने अवस्थामा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित सुरक्षा निकाय वा कार्यालयबाट काजमा खटाई कामकाज गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

ख) रेडियो अपरेटरको भूमिका निर्वाह गर्ने गरी जिल्लास्थित नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपालको स्वीकृत दरबन्दीमध्येबाट तीन जना रेडियो सञ्चार सेटसहित खटाइनेछ।

**ग) जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको शाखागत तथा कर्मचारीको कार्यविवरण**

(१) जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा कार्यरत जनशक्तिको शाखागत कार्य विवरण

**(क) कार्यसञ्चालन शाखा:**

१. विपद्सँग सम्बन्धित दैनिक परिस्थितिको सुपरिवेक्षण गर्ने।

प्रमाणित प्रतिलिपि

२. जिल्लाको विपद् प्रतिकार्यमा सुरक्षाकर्मी तथा अन्य विषयगत समूहको परिचालनका लागि समन्वयको कार्य गर्ने।

३. प्रदेश तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिनुका साथै राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग निरन्तर समन्वय र सहकार्य गर्ने।

(ख) **सूचना तथा सञ्चार शाखाः**

१. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा प्रवाह हुने सम्पूर्ण सूचनाको व्यवस्थापन गर्ने।

२. प्रदेश र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका साथै राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँगको सूचना आदानप्रदानल गर्ने।

३. विपद्का पूर्वसूचना प्रवाह तथा प्राप्ति सम्बन्धी कार्य गर्ने।

(२) जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा कार्यरत कर्मचारीको जिम्मेवारी

(क) **जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुख/कार्यसञ्चालन शाखा प्रमुखः** जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुख सहायक प्रमुख जिल्ला अधिकारी वा प्रमुख जिल्ला अधिकारीले तोकेको कर्मचारी हुनेछ। केन्द्र प्रमुखले आफ्नो जिम्मेवारीको अतिरिक्त कार्यसञ्चालन शाखा प्रमुखको समेत जिम्मेवारी निर्वाह गर्नेछ।

१. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको सवल नेतृत्व गर्ने।

२. आपत्कालीन कार्यसञ्चालन केन्द्र २४-सै घण्टा सञ्चालन गराउने।

३. केन्द्रको कार्यसञ्चालन तथा प्रगति सम्बन्धमा प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई निरन्तर अवगत गराउने।

४. विपद् पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य सम्बन्धमा जिल्लामा तैनाथ सुरक्षा निकाय तथा विषयगत निकायहरुसँगको सहकार्यमा योजनाहरु तयार गरी कार्यान्वयनमा ल्याउने।

५. विपद् पूर्वतयारी तथा प्रतिकार्यको अवधिमा जिल्लामा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थासँग समन्वय एवं सहकार्यको वातावरण सिर्जना गर्ने।

६. जिल्लामा हुने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी अभ्यासहरुमा आवश्यकता अनुसार केन्द्रको भूमिका निर्वाह गरेको सुनिश्चितता गर्ने।

प्रमाणित प्रतिलिपि



सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

७. विपद् प्रतिकार्यको अवधिमा जिल्लामा तैनाथ सुरक्षा निकाय र स्वयंसेवकहरूसँग समन्वय गर्ने।

८. विपद् सम्पर्क व्यक्तिसँग निरन्तर सम्पर्क र समन्वय गर्ने।

९. संभावित विपद्को प्रतिकार्यका लागि कृत्रिम अभ्यासको कार्य गर्ने गराउने।

१०. विपद् प्रतिकार्यको अवधिमा जिल्लामा रहेका स्वास्थ्य निकायका जनशक्ति तथा साधन श्रोत र अन्य विषयगत समूहमा क्रियाशील संघसस्थाहरुलाई यथोचित परिचालन गर्ने।

११. विपद् प्रतिकार्यको अवधिमा राहत व्यवस्थापन कार्यको संयोजन र सुपरिवेक्षण गर्ने।

१२. विपद्को अवधिमा वस्तुस्थिति अवस्था, क्षति, प्रतिकार्यको उपलब्धि सम्बन्धित विषयहरुमा प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई निरन्तर अवगत गराउने।

१३. स्थानीयस्तरका विपद्को प्रतिकार्यका लागि सम्बन्धित स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई आवश्यक सहयोग गर्ने।

१४. जिल्लामा क्रियाशील स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुबाट दैनिक वस्तुस्थिति प्रतिवेदन (Situation Report) प्राप्त गर्ने।

१५. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको दैनिक विपद् बुलेटिन/दैनिक प्रतिवेदन अनुसूची ४ को ढाँचामा तयार गरी प्रमुख जिल्ला अधिकारी, प्रदेश र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई प्रेषित गर्ने।

१६. विपद् सम्बन्धी सूचना सञ्चार माध्यमबाट जनस्तरसम्म पुऱ्याउने व्यवस्था मिलाउने।

(ख) **सूचना तथा सञ्चार/जनसम्पर्क प्रमुखः** जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको सूचना तथा सञ्चार/जनसम्पर्क शाखा प्रमुखले देहायको जिम्मेवारी निर्वाह गर्नुपर्ने छ।

१. सूचना तथा सञ्चार शाखाको नेतृत्व गर्ने।

२. सञ्चार डेस्क २४सै घण्टा सञ्चालन गराउने।

३. सञ्चार केन्द्रको डिउटी अधिकृत/रेडियो अपरेटर प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग निरन्तर रेडियो सम्पर्कमा रहेको यकिन गर्ने।

४. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा रहेको टेलिफोन, हटलाईन तथा निःशुल्क टेलिफोन र E-Mail को सुपरिवेक्षण र सञ्चालन गर्ने।



प्रमाणित प्रतिलिपि

५. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रले विपद् सम्बन्धी सूचना प्रवाह गर्न सामाजिक सञ्जालहरुको सञ्चालन तथा अद्यावधिक गर्ने।

६. विपद्को अवधिमा खोज तथा उद्धार र राहतमा खटिएका टोलीसँग आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्ने।

७. प्राधिकरणले तोके बमोजिमको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले सञ्चालन गर्ने सूचना तथा सञ्चार प्रणालीमा जिल्लासँग सम्बन्धित विपद् सम्बद्ध विषय तथा विवरण अद्यावधिक गर्ने।

८. आवश्यकता अनुसार विपद् व्यवस्थापनमा जिल्लामा क्रियाशील विषयगत निकाय, सुरक्षा निकाय र अन्य सरोकारवाला निकायका सम्पर्क व्यक्तिहरुसँग सम्पर्क स्थापना गर्ने।

९. जिल्लामा भएका विपद्जन्य घटना, क्षति, प्रतिकार्य लगायतका सूचना तथा विवरण दैनिक विपद् बुलेटिन/दैनिक प्रतिवेदन लगायत केन्द्रद्धारा जारी हुने सूचनामार्फत सार्वजनिकीकरण गर्ने।

१०. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा Press conference तथा Meeting सम्पन्न गर्नु पर्ने अवस्थामा सम्पूर्ण व्यवस्थापन गर्ने।

११. जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुखले तोकेका थप कार्य गर्ने।

(ग) **डयुटी अधिकृत/रेडियो अपरेटरः** जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको डयुटी अधिकृत/रेडियो अपरेटरले देहाय बमोजिमको जिम्मेवारी निर्वाह गर्नुपर्ने छ।

(१) कार्यसञ्चालन शाखामा रहेको डयुटी अधिकृत डेस्क/सञ्चार डेस्कलाई २४ सै घण्टा सञ्चालन गर्ने।

(२) लगातार विपद्सँग सम्बन्धित वस्तुस्थिति (Situation) सुपरिवेक्षण गर्ने र आवश्यकता अनुसार शाखा प्रमुखलाई जानकारी गराउने।

(३) स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुबाट दैनिक वस्तुस्थिति प्रतिवेदन (Daily Report) प्राप्त गर्ने।

(४) प्रतिकार्यमा परिचालित खोज तथा उद्धार र राहत टोलीसँग सम्पर्क र समन्वय गर्ने।

(५) शाखा प्रमुखको निर्देशन अनुसार विपद् प्रतिकार्यमा संलग्न हुने विभिन्न निकायका सम्पर्क व्यक्तिहरुसँग समन्वय र सम्पर्क स्थापना गर्ने।



प्रमाणित प्रतिलिपि

(६) ड्युटी अधिकृत रजिष्ट्रर अद्यावधिक गर्ने।

(७) विपद्का घटना, क्षति लगायत अन्य प्रमुख विवरणहरु Digital तथा Paper Format मा अभिलेखीकरण गर्ने।

(८) जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुख लगायत केन्द्रका सबै कर्मचारीहरुको उपस्थितिमा Situation Briefing गर्ने।

(९) कार्यसञ्चालन शाखामा रहेको Situational Map अद्यावधिक गर्ने।

(१०) सञ्चार केन्द्रमा भएको सूचना आदान प्रदान क्रियाकलापको व्यवस्थित अभिलेखीकरण गर्ने।

(११) सञ्चार डेस्कमा रहेका उपकरणहरु सञ्चालन गर्नुको साथै उचित रेखदेख, व्यवस्थापन र समयमै मर्मत संभार गर्ने।

(१२) केन्द्र प्रमुख र शाखा प्रमुखले तोकेका कार्य गर्ने।

प्रमाणित प्रतिलिपि

सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति